PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
## मानव बेचविखन अनुसन्धान ब्यूरो
बबरमहल, काठमाण्डौ।

मितिः २०७९/१०/१९ गते।

फोनः ०१-५३३९५६९ / ०१-५३४११७७

# प्रेस विज्ञप्ति
# Press Release

**मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यमा संलग्न व्यक्तिहरु पक्राउ।**

**पक्राउ व्यक्तिहरुको बिबरणः-**

१)

**नामः-** रबि थापा मगर भन्ने लाल बहादुर मगर

**उमेरः-**४४ वर्ष

**वतनः-** जिल्ला उदयपुर उदयपुरगढी गाउँपालिका वडा नं.२ स्थायी वतन भई हाल का.जि.टोखा नगरपालिका वडा नं.३ ।

**पेशाः-** म्यानपावर एजेन्ट

**पक्राउ मितिः-**२०७९।१०।१७

**पक्राउ स्थानः-** जिल्ला काठमाण्डौ टोखा नगरपालिका वडा नं.३ स्थित आफ्नै डेरा कोठाबाट।

२)

**नामः-** डम्बर मगर भन्ने डम्बर बहादुर दर्लामी।

**उमेरः-४१ वर्ष**

**वतनः-** जिल्ला ईलाम फाकफोकथुम गाउँपालिका वडा नं.५ स्थायी वतन भई हाल का.जि.का.म.न.पा.वडा नं.९

**पेशाः-** म्यानपावर एजेन्ट

**पक्राउ मितिः-**२०७९।१०।१७

**पक्राउ स्थानः-** का.जि.का.म.न.पा.वडा नं.९ शम्भुमार्ग रोड नं.२ स्थित न्यू लक्ष्मीमार्ग गेष्ट हाउस।

**घटनाको छोटकरी बिबरणः-**

परिवर्तित नाम २६ बबरमहल (१३२) लाई कुवेतममा रहेको रोयल रेष्टुरेन्टमा वेट्रेसको काममा मासिक पारिश्रमिक १२० के.डी तलब हुने गरी लगाई दिने र सो रेष्टुरेन्टमा राम्रो काम गर्न सकियो भने पोर्चुगल र अमेरिकामा रहेको रेष्टुरेन्टमा समेत पठाईदिन्छु भन्ने प्रलोभन देखाई मिति २०७९।०८।२६ गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थ काठमाण्डौबाट भिजिट भिसामा दुवई हुदै कुवेत लगी त्याँहा रहेका अन्य एजेन्टहरु मार्फत १३०० कुवेती दिनार मा बिक्री गरी दैनिक १८ घण्टा सम्म काममा लगाई श्रम शोषण गरेकोले पिडित जाहेरवालाले नेपालमा रहेको आफन्तलाई आफ्नो उद्दारको लागी अपिल गरेको हुदा निजको आफन्तले यस मानव बेचबिखन अनुसन्धान ब्युरोमा उजुरी दर्ता गराएकोले यस ब्यूरोवाट कुवेतमा रहेको नेपाली राजदुतावास सँग समन्वय गरी निज पीडितलाई मिति २०७९।१०।४ गते कुवेतबाट उद्दार गरी नेपाल फिर्ता ल्याईएकोमा निज पिडितले वारदातमा संलग्न प्रतिवादीहरुलाई मानव बेचविखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भनी मिति २०७९।१०।१० गते जाहेरी दिएको।

**अनुसन्धानका क्रममा खुलेको थप बिबरणः-**

- जाहेरवालाई दैनिक १८ घण्टा सम्म काममा लगाई शारिरिक तथा मानसिक यातना दिएको भन्ने बुझिन आएको ।
- आफुलाई दिएको यातनाको सम्बन्धमा पीडितले आफन्तलाई खबर गरी उद्धारको लागी पहल गर्न अनुरोध गरेको।
- यस वारदातमा संलग्न रही हाल कुवेतमा बस्ने प्रतिवादीले पीडितको मोवाईल नियन्त्रणमा लिई निजले प्रयोग गर्ने फेसबुक लगाएतका सामाजिक संजालहरु प्रयोग गरी विभिन्न व्यक्तिहरुसँग अश्लिल कुराकानी गर्ने र सो कुराकानी गरेको रेकर्ड पीडितको श्रीमान लगाएतका आफन्तलाई पठाई दिने धम्की दिने गरेको बुझिन आएको।
- निज पीडितलाई विभिन्न धम्की दिई कुवेतमा आफु राजीखुसी आएको हुँ,बेचबिखनमा परेको छैन भन्ने भिडियो बनाई नेपालमा गए पश्चात कोही कसैलाई उजुरी गर्दिन भन्ने व्यहोराको कागज समेत गराएको भन्ने बुझिन आएको ।
- यस घटनाका सम्बन्धमा अन्य फरार प्रतिवादीहरुको खोजतलास गर्ने लगाएतको थप अनुसन्धान कार्य जारी रहेको ।

**थप जानकारीको आवश्यक परेमा यस कार्यालयमा सूचना अधिकारीलाई सम्पर्क गर्न हुन अनुरोध**

**प्रवक्ता / सूचना अधिकारी**
**(दान बहादुर मल्ल)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२८०४४७**